जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

स.नि.हु.का.द.नं. ४/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३३ अंक १०९ २०८० साल मंसिर ११ गते सोमबार (27 Nov. 2023 Monday) मूल्य रु. ५/-

**डेंगुबाट बचौं**

- उच्च ज्वरो आउनु
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु
- आँखाको गेडी दुख्नु
- अत्याधिक टाउको दुख्नु
- शरीरमा राता बिमिराहरु आउनु
- वाकवाकी लाग्नु वा वान्ता हुनु

यस्ता लक्षणहरु देखापरेमा डेंगी हुन सक्छ। तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं ।

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : कोप-२८ : यस्ता छन् नेपालको. ३ पृष्ठमा : मानिस बेपत्ता कसुरमा दुई प्रहरी ३ पृष्ठमा : इजराइली सेनाद्वारा पश्चिम...

## यौन धन्दा संचालन गराएको आरोपमा संचालक र म्यानेजर पक्राउ, पाँच युवती फेला



**दैनिक समाचारदाता**
**राजविराज, १० मंसिर ।**

राजविराजस्थित एक गेष्ट हाउसका संचालक र म्यानेजरलाई यौन धन्दा संचालन गरेको आरोप प्रहरीले पक्राउ गरेको छ। सो गेष्ट हाउसबाट पाँच जना युवती समेत फेला परेका छन् ।

गेष्ट हाउसमा यौन धन्दा हुने गरेको सुचनाका आधारमा प्रहरीले राजविराज ३ स्थित लक्ष्मी गेष्ट हाउसका संचालक राजविराज ६ निवासी ५७ वर्षिय अरुण कुमार मिश्र तथा म्यानेजर सप्तरीको महदेवा गाउँपालिका २ निवासी ४१ वर्षिय राम प्रकाश मण्डललाई शनिबार साँझ पक्राउ गरेको हो ।

संचालक मिश्र र म्यानेजर मण्डलको मिलीभगतमा गेष्ट हाउसमा बिभिन्न प्रलोभनमा पारी जबरजस्ती यौन धन्दामा लगाउने गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता डिएसपी ढुण्डिराज नेउपानेले जानकारी दिए ।

पक्राउ परेका संचालक मिश्र र म्यानेजर मण्डललाइ आईतवार सप्तरी जिल्ला अदालतबाट मानव वेचविखन तथा ओसार पोसार कसुर मुद्दामा तीन दिनको म्याद थपि आवश्यक अनुसन्धान भईरहेको प्रहरीले जनाएको छ ।

गेष्ट हाउसको कोठाबाट फेला परेका युवती मध्ये चार जना सप्तरीको तथा एक जना सुनसरीको रहेको प्रवक्ता नेउपानेले बताए । उक्त गेष्ट हाउसमा सामुहिक रुपमा राखी यौनजन्य कार्यमा लगाउने गरेको खुल्न आएको प्रहरीको भनाई छ ।

गेष्ट हाउसमा फेला परेका युवतीहरुलाई आवश्यक सचेतनासहित अभिभावकको जिम्मा लगाउने तयारी गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

## प्रतिष्ठानको काम सूचारु गराउन प्रधानमन्त्रीलाई ज्ञापन



**दैनिक समाचारदाता**
**राजविराज, १० मंसिर ।**

रामराजा स्वास्थ्य विज्ञान प्रतिष्ठान अबिलम्ब सूचारु गराउन माग गर्दै आन्दोलनरत सप्तरी युथ नेपालले प्रधानमन्त्रीलाई ज्ञापन पत्र बुझाएको छ ।

युथ नेपालले प्रतिष्ठान सूचारु गर्न माग गर्दै दबाब रुवरुप घोषणा गरेको एक हप्ते आन्दोलन अन्तरगत आइतबार प्रमुख जिल्ला अधिकारी किरण थापामार्फत प्रधानमन्त्रीलाई उक्त ज्ञापनपत्र बुझाएको हो ।

आन्दोलन समितिका संयोजक सत्येन्द्र यादवद्वारा बुझाइएको ज्ञापनपत्रमा प्रतिष्ठान

*बाँकी दुई पृष्ठमा*

**शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले निम्न सावधानी अपनाऔं**

- जाडो यामकोलागि समयमै न्यानो कपडाको जोहो (ब्यवस्था) गरौं ।
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं ।
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओढ्ने प्रयोग गरौं र घरभित्र राति सुत्दा शरीरको साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने गरौं ।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाउने गरौं ।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो खाने कुराहरु खाने गरौं ।
- बालबालिका, बृद्धबृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने गरौं ।
- शीतलहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने, गोठ/टहरामै राखेर पर्याप्त घाँस/पराल र दाना दिने गरौं ।
- चिसोको कारण बिरामी भएमा तत्काले नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्तै उपचारको लागि जाने/लैजाने गरौं ।
- चिसोको कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्ने गरौं ।
- कोठाभित्र आगो बालेर तातो पार्दा पर्याप्त भेन्टिलेशनको ब्यवस्था मिलाऔं।
- तातोपनकोलागि आगो बाल्दा आगलागी हुन सक्ने भएकोले सतर्कता अपनाऔं ।

**अनुरोधकर्ता**
**महादेवा गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी**

## स्वास्थ्यतर्फ तिलाठी कोइलाडी गाउँपालिका जिल्लामा दोस्रो



**दैनिक समाचारदाता**
**राजविराज, १० मंसिर ।**

स्वास्थ्यतर्फ सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका सप्तरी जिल्लामा दोश्रो स्थान हासिल गरेको छ ।

आर्थिक बर्ष २०७९/०८० को स्वास्थ्यतर्फ सम्पन्न कार्यक्रमहरुको समिक्षा तथा आगामी बर्षको लागि योजना निर्माण गर्न बार्षिक समिक्षा कार्यक्रममा गाउँपालिका अध्यक्ष अरुणकुमार मण्डलले सो जानकारी दिएका हुन् ।

बार्षिक समिक्षा गोष्ठी उद्घाटन कार्यक्रममा बोल्दै गाउँपालिका अध्यक्ष मण्डलले सीमित स्रोत र साधनको बावजुदपनि १८ वटा पालिकामध्ये तिलाठी कोइलाडी गाउँपालिकाले जिल्लामा दोस्रो स्थान हासिल गरेकोमा स्वास्थ्यकर्मीहरुलाई बधाई दिए ।

उनले विगतमा देखिएका कमीकमजोरीहरुलाई सच्याउँदै आगामी दिनमा प्रभावकारी र जनमूखी स्वास्थ्य सेवा प्रदान गर्ने निर्देशन समेत दिए ।

कार्यक्रममा स्वास्थ्य

*बाँकी अन्तिम पृष्ठमा*

**महिला हिंसाका घटनालाई कानूनी दायरामा ल्याऔं**

- महिला हिसा जोसुकैबाट जुनसुकै बेला जहाँकहीं हुन सक्दछ।
- हिसाका घटना लुकाउँदा, ढाकछोप गर्दा पीडक प्रोत्साहित हुन सक्छ र थप घटना हुन सक्दछन्।
- पीडकलाई समयमा नै कानूनी दायरामा ल्याउन सके महिला हिसाका घटनामा कमी आउन सक्छ।
- त्यसैले नजिकका आफन्त तथा नातेदार, छिमेकी, साथीभाई, सहकर्मी भनी कुनैपनि पीडकलाई उम्कन नदिऔं।

पीडकलाई कानूनी दायरामा ल्याऔं, सभ्य समाजको निर्माण गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय ....

### भविष्यमा सम्पूर्ण जिल्लावासी नै आन्दोलनमा उत्रन सक्छन्

शिलान्यास भएको झण्डै अढाई वर्ष बितिसक्दा पनि रामराजा स्वास्थ्य विज्ञान प्रतिष्ठानको कार्य अझ अगाडी बढ्न सकेको छैन् । बि.स. २०७८ साल असार २२ गते भर्चुवल माध्यमबाट तत्कालिन प्रधानमन्त्री केपी शर्मा ओलीले शिलान्यसा गरेका थिए । राजविराज वडा नं. १० बिरौलमा शिलान्यास गरिएको उक्त स्वास्थ्य विज्ञान प्रतिष्ठान निर्माण स्थल अहिले गौचरणमा परिणत भएको छ । शिलान्यास भएको पाँच वर्षभित्रै प्रतिष्ठानको सबै काम सम्पन्न भइसक्ने जनाइए पनि हाल अलपत्र अवस्था रहेको भन्दै जिल्लावासीका तर्फ व्यापक बिरोध भइरहेको छ ।

विगत दुई महिनादेखी प्रतिष्ठानको काम संचालनमा ल्याउन माग गर्दै आन्दोलनरत स्थानीयहरुले रिले अनसनलाई निरन्तरता दिइरहेका छन् । सो अवधीमा जिल्लाका संघीय सांसद, प्रदेश सांसद, मन्त्रि लगायत विभिन्न दलका नेता तथा कार्यकर्ताहरुले आन्दोलनप्रति एक्यबद्धता जनाइसकेका छन् । तर, सो कार्य अझै सुचारु हुन सकेको छैन् । यसैबीच सप्तरी युथ नामक एक संस्थाले आन्दोलन परिचालन समिति नै गठन गरेर सप्ताहव्यापी आन्दोलन घोषणा गरेको छ । यसरी कुनै पनि विकासीय कार्यलाई अगाडी बढाउन आन्दोलन नै रोज्नु पर्ने बाध्यता आएकोमा जनता चकित छन् । आफैले घोषणा गरेको कार्यलाई लथालिङ्ग पारेर सरकारले जनताको स्वास्थ्य सेवा पाउने अधिकारबाट बञ्चित गराउन खोजेको छ ।

मुलुकमा राजनीतिक अस्थिरताका कारणले प्रतिष्ठान निर्माण कार्य अघि बढ्न नसकेको केहीको बुझाई रहेपनि सरकारले हचुवाको तालमा घोषणा र शिलान्यास गर्ने कार्यले यस्तो अवस्था आएको जानकारी बताउछन् । कुनै पनि कार्य गर्दा अल्पकालिन सोचले होइन दिर्घकालिन नीति बनाएर अगाडी बढ्नु पर्ने हुन्छ । तसर्थ सप्तरीमा लथालिङ्ग अवस्थामा रहेको प्रतिष्ठान निर्माणको कार्यलाई अगाडी बढाउन संघीय सरकार जिम्मेवारीपूवर्क लाग्नु पर्ने देखिन्छ । अहिले एक-दुई संघसंस्था आन्दोलनमा उत्रेका छन्, तर भविष्यमा सम्पूर्ण जिल्लावासी नै आन्दोलनमा उत्रन सक्ने सम्भावनालाई नकार्न सकिन्न् ।

# कोप-२८ : यस्ता छन् नेपालको प्राथमिकता

भीष्मराज ओझा

काठमाडौं, १० मङ्सिर (रासस) ।

जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय संरचना महासन्धिको २८औं सम्मेलन ( कोप-२८) मा नेपालले जलवायु वित्तदेखि हिमालका मुद्दासम्मका विषयलाई प्राथमिकताका साथ उठाउने तयारी गरेको छ ।

सम्मेलनमा नेपालले जलवायु अनुकूलनमा थप प्रतिबद्धता र कार्यान्वयन, जलवायु परिवर्तन न्यूनीकरण, जलवायु वित्त, हानी तथा नोक्सानी, पेरिस सम्झौताको विश्वव्यापी प्रगति समीक्षा, पर्वतीय राष्ट्रहरूका समस्याको पहिचान र सम्बोधनका विषयलाई महत्वका साथ उठाउने बताइएको छ ।

यसैगरी सम्मेलनमा लैङ्गिक, स्थानीय समुदाय, आदिवासी, युवाको चासो र सरोकार, प्रविधि हस्तान्तरण र क्षमता अभिवृद्धिलगायत विषयलाई समेत प्राथमिकताका साथ उठाउने वन तथा वातावरणमन्त्री डा वीरेन्द्रप्रसाद महतोले बताउनुभयो । मन्त्रालयले सम्मेलनमा प्रस्तुत गर्नका लागि उक्त विषयलाई समेटेर ‘राष्ट्रिय स्थिति पत्र’ तयार गरेको छ ।

कोप-२८ सम्मेलन यही मङ्सिर १४ देखि २६ गते (नोभेम्बर ३० देखि डिसेम्बर १२ तारिख)सम्म संयुक्त अरब इमिरेट्सको दुबईमा हुँदैछ । यस सम्मेलनलाई नेपालले निकै महत्वका साथ सोहीअनुसारको तयारी पनि गरेको छ । सम्मेलनमा नेपालले प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’को नेतृत्वमा ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री शक्तिबहादुर र वन तथा वातावरणमन्त्री महतोलगायत विज्ञसहितको उच्चस्तरीय सहभागिता जनाउने छ ।

प्रधानमन्त्री दाहाल सम्मेलनमा सहभागिताका लागि यही मङ्सिर १३ गते दुबई प्रस्थान गर्नुहुने र मङ्सिर १७ गते स्वदेश फर्कनुहुने उहाँका विकास व्यवस्थापन विज्ञ तथा जलवायु सल्लाहकार डा पुपलर जेन्टलले जानकारी दिनुभयो । प्रधानमन्त्री दाहालले सम्मेलनका क्रममा मङ्सिर १६ गते आयोजना हुने ‘उच्चस्तरीय सत्र’लाई सम्बोधन गर्नुहुनेछ । यही मङ्सिर १५ र १६ गते (डिसेम्बर १ र २ तारिख) हुने ‘उच्चस्तरीय सत्र’मा विश्वभरबाट सम्मेलनमा सहभागी राज्य/सरकार प्रमुखहरूले सम्बोधन गर्नुहुने कार्यतालिका छ ।

यसैगरी भ्रमणका क्रममा प्रधानमन्त्री दाहालले विभिन्न साइडलाइन वार्ता र उच्चस्तरीय भेटवार्तासमेत गर्नुहुने विकास व्यवस्थापन विज्ञ तथा जलवायु सल्लाहकार डा जेन्टलले बताउनुभयो ।

यसपटकको सम्मेलनमा नेपालले कार्यक्रम गर्नका लागि सम्मेलन परिसरमा पहिलोपटक आफ्नै ‘पेभिलियन’ (बृहत् मण्डला) स्थापना गरेको छ । मन्त्रालयको तालिकाअनुसार ‘पेभिलियन’मा डिसेम्बर ३ देखि ११ तारिखसम्म विभिन्न विषयका ३६ कार्यक्रम हुनेछन् । प्रधानमन्त्री दाहालले पेभिलियनको उद्घाट्नमा समेत सम्बोधन गर्नुहुनेछ । पेभिलियनमा हुने कार्यक्रमले नेपालका मुद्दामा विभिन्न कार्यक्रम गर्न सकिने र आफ्ना मुद्दा प्रदर्शन गर्न ठूलो सहयोग पुग्ने यस क्षेत्रका जानकारको भनाइ छ ।

यो सम्मेलनमा उच्चस्तरीय सहभागिताका साथै अन्य दृष्टिकोणले पनि नेपालका लागि थप महत्त्वपूर्ण हुनेछ । सम्मेलनको पूर्वसन्ध्यामा संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले गत कात्तिक १२ गतेदेखि नेपालको चारदिने औपचारिक भ्रमण गर्नुभएको थियो । उहाँले सगरमाथा र अन्नपूर्ण आधारक्षेत्रको स्थलगत भ्रमण गरी जलवायु परिवर्तनको विषयलाई दिएको प्राथमिकताले पनि यस सम्मेलनमा नेपाललाई आफ्ना विषय उजागर गर्न सहज हुने बताइएको छ ।

**जलवायु परिवर्तनबाट नेपालमा के-के असर परेको छ ?**

विश्वव्यापी जलवायु परिवर्तनका कारण नेपाल उच्च जोखिममा छ । जलवायु परिवर्तनको असर विशेषगरी हिमाली क्षेत्रमा हिमताल पग्लने र विस्फोट हुने, पहाडी क्षेत्रमा पहिरो र सुक्खा खडेरी र तराई मधेसमा बाढी पहिरोहरू देखिन थालेको छ। हिमाल, पहाड र तराई मधेसमा बसोबास गर्ने गरिब, साना किसान, सीमान्तकृत आदिवासी, महिला, बालबालिका, अशक्त तथा ज्येष्ठ नागरिक बढी प्रभावित बनेका छन् ।

जलवायु परिवर्तनले अर्थतन्त्रमा विशेष योगदान गर्ने विषयगत क्षेत्र जस्तै कृषि, जलस्रोत, पर्यटनलगायतका क्षेत्रमा, साथै खाद्यसुरक्षा, स्वास्थ्य, जलआपूर्ति, जीविकोपार्जन र सुरक्षामा व्यापक असर पारेको छ। आर्थिक एवं सामाजिक क्षेत्रमा हुने गिरावट र बढ्दो स्वास्थ्य र खाद्यसुरक्षाको समस्याका कारण भविष्यमा जलवायु सङ्कटासन्नता र जोखिम अझ बढ्ने अनुमान गरिएको छ ।

एक वैज्ञानिक अध्ययनअनुसार हिमाली क्षेत्रको तापक्रम वर्तमान तथा भविष्यमा विश्वको औसत तापक्रमको दाँजोमा शून्य दशमलव तीन डिग्री सेल्सियसदेखि शून्य दशमलव सात डिग्री सेल्सियसभन्दा बढी हुने अनुमान गरिएको छ। पेरिस सम्झौताअनुसार विश्व समुदायले यस शताब्दीको अन्त्यसम्ममा पृथ्वीको तापक्रम एक दशमलव पाँच डिग्री सेल्सियसभन्दा बढ्न नदिन सहमति गरेता पनि सन् २०५० भन्दा पहिले नै हिमाली क्षेत्रको तापक्रम सरदर एक दशमलव आठ डिग्री सेल्सियसभन्दा बढी हुने अनुमान गरिएको छ। उच्च तापक्रम बृद्धिले गर्दा यस क्षेत्रमा रहेका हिमालका दुईतिहाइ हिमभण्डार पग्लने अनुमान अध्ययनले गरेका छन् ।

**जलवायु सम्बन्धमा नेपालले गरेका प्रतिबद्धता र कार्य**

नेपाल जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय संरचना महासन्धि ( युएनएफसिसिसी)को पक्षराष्ट्र हो । महासन्धिको प्रावधानअनुरूप नेपालले जलवायु उत्थानशीलता अभिवृद्धि गर्न उपयुक्त नीतिगत, कानुनी तथा संस्थागत संरचना एवं वित्तीय व्यवस्था र कार्यक्रम तर्जुमा तथा कार्यान्वयन गरेको वन मन्त्रालयका सचिव डा दीपककुमार खरालले जानकारी दिनुभयो ।

नेपालले राष्ट्रिय जलवायु परिवर्तन नीति, २०७६, वातावरण संरक्षण ऐन, २०७६ तथा नियमावली, २०७७, स्थानीय अनुकूलन कार्ययोजनाको राष्ट्रिय खाका, २०७६, जलवायु उत्थानशील योजना तथा बजेट तर्जुमा निर्देशिका, २०७७ र जलवायु परिवर्तनसम्बन्धी लैङ्गिक तथा सामाजिक समावेशीकरण रणनीति तथा कार्ययोजना, २०७७-२०८७ तर्जुमा गरी लागू गरेको वन सचिव डा खरालले बताउनुभयो ।

साथै पेरिस सम्झौताबमोजिम दोस्रो राष्ट्रियरूपमा निर्धारित योगदान (एनडिसी) र राष्ट्रिय अनुकूलन योजना (एनएपी) पेस गरेको छ । यसैगरी नेपालले २०७८ मा तेस्रो राष्ट्रिय सञ्चार प्रतिवेदन, राष्ट्रिय जलवायु सङ्कटासन्नता तथा जोखिम मूल्याङ्कन प्रतिवेदन, दीर्घकालीन न्यून उत्सर्जन विकास रणनीति र २०८० मा राष्ट्रियरूपमा निर्धारित योगदानको कार्यान्वयन योजना स्वीकृत गरी लागू गरिरहेको छ ।

यसैगरी तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाले कोप-२६ मा सन् २०३० सम्ममा ४५ प्रतिशत वन क्षेत्र कायम गर्ने, जलवायु जोखिमबाट देश र जनतालाई सुरक्षित राख्ने र सन् २०४५ मा कार्बन उत्सर्जनलाई शून्यमा झार्नेजस्ता महत्वाकाङ्क्षी योजना प्रस्तुत गर्नुभएको थियो । कोप-२६ र कोप-२७ यता नेपालले अन्तर्राष्ट्रिय समुदायसामु हरित विकासतर्फ आफ्ना महत्वाकाङ्क्षी लक्ष्य हासिल गर्न जलवायु वित्तमा सहज एवं पर्याप्त पहुँच तथा सबै राष्ट्रको साथ र सहयोगको अपेक्षा गरेको छ ।

साथै संयुक्त राष्ट्रसङ्घको ७८औं महासभामा नेपाल र अतिकम विकसित मुलुकहरूका तर्फबाट सम्बोधन गर्ने क्रममा प्रधानमन्त्री दाहालले नेपालले राष्ट्रियरूपमा निर्धारित योगदानमा

*बाँकी तीन पृष्ठमा*

*प्रतिष्ठानको ...*

निर्माणका लागि विभिन्न आर्थिक वर्षमा रकम बिनियोजित गरेपनि काम हुन नसकि रकम फ्रिज भएको जनाउँदै तत्कालिन प्रधानमन्त्री केपी शर्मा ओलीद्वारा २०७८ साल असार २२ गते भवन निर्माणका लागि शिलान्यास भइसकेर हालसम्मको प्रगति डिपिआर मात्र भएको उल्लेख छ ।

प्रतिष्ठानको निर्माण कार्यलाई यथासिघ्र संचालनमा ल्याई नेपाली जनतालाई स्वास्थ्य सेवामा सहज पहुँचका लागि सहयोग गरिदिन भन्दै राज्यले नै गरेको घोषणा पुरा गर्न तदारुकता देखाउन आग्रह गरिएको छ । विज्ञप्तिमा काम सुरु नभए निरन्तर आन्दोलनमा लागिरहने जानकारी समेत दिइएको छ ।

यसअघि शनिबार युथ नेपालले सत्येन्द्र यादवको संयोजकत्वमा १८ सदस्यीय आन्दोलन परिचालन समिति गठन गरेको थियो ।

आन्दोलनका कार्यक्रम अनुसार मंसिर १० गते जिल्ला प्रशासन कार्यालय मार्फत् प्रधानमन्त्रीलाई ज्ञापन बुझाउने, मंसिर ११ गते र्‍याली प्रदर्शन, मंसिर १२ गते सिटी जुलुस प्रदर्शन, मंसिर १३ गते दिउँसै टर्च बालेर नेता तथा सांसदको खोजी गर्ने, मंसिर १४ गते जिल्ला प्रशासन कार्यालयको मूल गेटमा एक घण्टा धर्ना दिने र मंसिर १५ गते सोही कार्यालयको मूल गेटमा दुई घण्टा धर्ना दिने कार्यक्रमका साथै आन्दोलनमा समग्र जिल्लाका राजनीतिज्ञ, बुद्धिजिबी, शिक्षक, विद्यार्थी, अधिकारकर्मी, संचारकर्मीसहित सबैसँग सहयोगका लागि अनुरोध समेत गरिएको छ ।

**डा. ललन प्रसाद रौनियार**
**Dr. Lalan Prasad Rauniyar**
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**

**डा. सन्तोष प्रसाद शाह**
**Dr. Santosh Prasad Sah**
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
**कन्सलटेन्ट फिजिसियन**

**डा. यमेश यादव**
**Dr. Yamesh Yadav**
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
**जेनरल सर्जन**

**डा. सरोज कुमार साह**
**Dr. Saroj Kumar Sah**
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
**हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ**

**डा. जयन्ती यादव**
**Dr. Jayanti Yadav**
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
**बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ**

**सम्पर्क :**
**कृताञ्जली मेडिकल हँल**
**राजविराज**
**Mo. No : 9842830252, 9804605569**

# मानिस बेपत्ता कसुरमा दुई प्रहरी कारागार चलान

रसुवा, १० मङ्सिर (रासस)।
मानिस बेपत्ता बनाएको आरोपमा पक्राउ परेका दुई प्रहरीलाई कारागार चलान गरिएको छ। कारगार चलान हुनेमा जिल्ला प्रहरी कार्यालय रसुवामा कार्यरत प्रहरी सहायक निरीक्षक रामविद्या शाह र प्रहरी वरिष्ठ हवल्दार जगतनारायण बढाड थारू रहेका छन्।

पक्राउ गरिएको व्यक्ति जिल्लास्तरमा ल्याउने क्रममा थुमनका एक नागरिक बीचबाटोमै गायब गराएको आरोप उनीहरू माथि लागेको छ।

मानिस कुटपिट गर्ने गोसाइँकुण्ड गाउँपालिका-१ थुमनका अन्दाजी ४२ वर्षीय काले भन्ने छिरिङ तामाङलाई थुमनबाट प्रहरी नियन्त्रणमा लिइ जिल्ला प्रहरी धुन्चे ल्याउँदै गर्दा रोइगा दोभानको नजिक उत्तरतर्फको भिरबाट बेपत्ता बनाएको आरोपमा सुरक्षाकर्मीद्वय पक्राउ परेका हुन्।

सुरक्षा संयन्त्र नअपनाई पक्राउ गरिएका नागरिक बाटोमा बेपत्ता पारेको अभियोगमा जिल्ला सरकारी वकिल कार्यालयमार्फत दायर भएको सो मुद्दामा पछि ठहरेबमोजिम हुनेगरी हाललाई धरौटीसहित तारेखमा छोड्ने रसुवा जिल्ला अदालतबाट आदेश जारी भएकामा तोकिएको जनही रु छ लाख ५० हजार धरौटी राख्न नसक्दा ती दुई प्रहरी कारागार चलान भएका हुन्।

यस्तै मानिस बेपत्ता बनाउने कार्यमा सहयोग एवं संलग्न भएको आरोपमा पक्राउ परेका गोसाइँकुण्ड गाउँपालिका-१ थुमनका उर्केन छिरिङ तामाङ रू पाँच लाख र दावा ग्याल्जेन तामाङ रू तीन लाख धरौटीमा रिहा भएका छन्। पक्राउ गरिएका सबैलाई मानिस बेपत्ता गराउने अभियोगमा सरकारी वकिल कार्यालयले मुद्दा दायर गरेको थियो।

प्रहरीको अनुरोधमा उर्केनले थुमनबाट धुन्चे जानका लागि गाउँमा सवारीसाधनको व्यवस्था गरिदिएको र दावा ग्याल्जेनले मोटर साइकलमा राखी धुन्चे ल्याउँदा तार्सा भन्ने गाउँतल भिरबाट भोटेकोसीतर्फ भागेर हामफालेको प्रहरीको बयान रहेको बताइएको छ। पीडित तथा आफन्त शुभचिन्तक एवं गाउँलेले भने षड्यन्त्रपूर्वक मानिस बेपत्ता पारिएको आरोप लगाउँदै दोषीउपर कारबाहीका लागि सडक सङ्घर्षसमेत गरेका थिए।

उनीहरूबाटै बेपत्ता पारिएको हो भन्ने तत्काल यथेष्ठ प्रमाण र आधार नहुँदा लामो बहस र छलफलबाट पछि ठहरेबमोजिम फैसला हुनेगरी हाललाई धरौटी जमानतमा छोड्ने आदेश जारी भएको रसुवा जिल्ला अदालतका श्रेस्तेदार मुना अधिकारी ढकालले जानकारी दिनुभयो।

सो मुद्दामा बहस चलिरहेको समयमा पीडिततर्फका केही व्यक्तिले अदालतका छानामा ढुङ्गा प्रहर गरे पनि नेपाल प्रहरीले त्यसलाई तत्काल नियन्त्रण गरेको थियो। रसुवा जिल्ला अदालतले हालसम्म गरेका आदेश तथा फैसल कुनै पनि विवादित नभएको र यस मुद्दालाई गम्भीरतापूर्वक अध्ययन र विश्लेषण गरी अन्तिम फैसलामा जाने जानकारी दिँदै पहिलो चरणको आदेश नै अनावश्यक टीकाटिप्पणी गरी स्वतन्त्र न्यायालयको मानमर्दनमाथि आँच आउने टीकाटिप्पणी नगर्न आमनागरिकसमक्ष रसुवा जिल्ला अदालतले अनुरोध गरेको छ।

*कोप-२८ : ...*

उल्लेखित योजनाको कार्यान्वयनको अवस्थाबारे जानकारी गराउनुभएको थियो।

**कोप-२८ सम्मेलनमा छलफल हुने विषय**

यस सम्मेलनले कार्बन उत्सर्जन घटाउने दायित्वबारे छलफल, जलवायु अनुकूलन र राष्ट्रिय अनुकूलन योजनाबारे छलफल, पेरिस सम्झौताको कार्यान्वयन अवस्थाबारे समीक्षा, जलवायुजन्य हानी र नोक्सानी साथै कोष कार्यान्वयन, जलवायु वित्तसम्बन्धी छलफल, प्रविधि विकास, विस्तार र कार्यान्वयनलगायत विषयमा छलफल अगाडि बढाउने योजना प्रस्तुत गरेको वन मन्त्रालयको जलवायु परिवर्तन व्यवस्थापन महाशाखाका प्रमुख एवं सहसचिव डा बुद्धिसागर पौडेलले जानकारी दिनुभयो।

यसैगरी महासन्धिअन्तर्गत रहेको क्षमता विकास, अल्पविकसित राष्ट्रहरूसँग सम्बन्धित विषय, जलवायु परिवर्तन र लैङ्गिक सम्बन्धमा, पेरिस सम्झौताको दफा ६ र कार्बन व्यापार, कार्यान्वयनका प्रावधानको प्रभाव, प्रशासनिक, वित्तीय र संस्थागत विषय, जलवायु परिवर्तन र पर्वतीय सवाललगायत विषयमा छलफल अगाडि बढाइने युएनएफसिसिसीको सचिवालयले जनाएको छ।

# साइबर क्राइम

**पृष्ठभूमी**

वर्तमान समय सामाजिक संजालको युग हो। फेसबुक, मेसेन्जर, ह्वाटसएप, भाइबर, ट्वीटर, इमोजस्ता सामाजिक संजालको प्रयोग व्यक्तिले गरिरहेका छन्। सामाजिक संजालले प्रयोगकर्तालाई सहज बनाएको छ। मानिस जुनसुकै देश र स्थानमा रहेपनि प्रत्यक्ष भैं कुराकानी गर्न पाएका छन्। तर, सामाजिक संजालले जति सहजता उत्पन्न भएको छ, त्यत्ति नै यसको दुरुपयोग गरेर अपराध कर्म पनि हुन थालेको छ। जसलाई साइबर अपराध भनिन्छ।

अन्य अपराधभन्दा यसको प्रकृति र शैली बिलकुल फरक छ भने यसको प्रभाव पनि शक्तिशाली र आम रूपमा हुन्छ। विद्युतीय प्रविधिको गलत प्रयोगले निम्त्याउने यो अपराध अन्य अपराधभन्दा भिन्न शैलीको छ। इन्टरनेटको प्रयोगमार्फत गरिने चरित्र हत्या, हिंसा फैलाउने कार्य, यौनजन्य हिंसा, इन्टरनेट फ्रड (धोकाधडी), अर्काको पहिचान अनाधिकृत रूपमा प्रयोग, क्रेडिट कार्ड तथा एकाउन्ट आदिको चोरी गरी गरिने बैंकिक कसुर, अर्काको कम्प्युटर, विद्युतीय उपकरण तथा नेटवर्कमा पुऱ्याइने क्षतिलगायत अवैधानिक कार्यलाई पनि विश्वका अधिकांश मुलुकका कानुनले साइबर अपराध मानेको छ।

कम्प्युटर, मोबाइल र इन्टरनेटको प्रयोगमार्फतफेक आइडी बनाउने, सामाजिक सञ्जाल प्रयोग गरी गाली गर्ने, वेभसाइट ह्याक गर्ने, फोटो इडिट गरी स्वरूप परिवर्तन गर्ने, अश्लील फोटो/भिडियो पठाउने, सञ्जालमार्फत जिस्काउने, अपमान गर्ने, कल बाइपास, गैह्र कानूनी इमेल, एसएमएस धम्कीदिने जस्ता कार्य नै साइबर अपराध (क्राइम) हो। त्यस्तै इन्टरनेटको प्रयोग गरी गरिने चरित्र हत्या, हिंसा फैलाउने कार्य, यौनजन्य हिंसा, धोकाधडी, क्रेडिट कार्ड तथा एकाउन्ट चोरी, अर्काको कम्प्युटर, विद्युतीय उपकरण तथा नेटवर्कमा पुर्याउने क्षति लगायत अवैधानिक कार्यलाई पनि साइबर अपराध मानिन्छ।

**कहाँ र कसरी गर्ने उजुरी ?**

साइबर क्राइमको उजुरी प्रहरी कार्यालयमा दिन सकिन्छ। यद्यपी अपराधका विषयमा उजुरी दिन प्रहरी कार्यालयमै पुग्नुपर्ने व्यवस्था भएपनि साइबर अपराधबारे उजुरी दिन कार्यालयमै पुग्नुपर्छ भन्ने छैन। प्रहरीमा अनलाईनमार्फत् पनि उजुरी वा निवेदन दिन सकिने व्यवस्था गरिएको छ। त्यसको लागि निवेदन टाइप गरी प्रमाणसहित साइबर व्युरोको इमेल आइडीमा उजुरी पठाउन सकिन्छ। प्रमाणको रुपमा स्कीन सर्ट, परिचयपत्र, लिंक, भिडियो, अडियो, फोटो लगायत प्रमाण निवेदनसँगै पठाउनुपर्ने हुन्छ। यसबाहेक साइबर व्युरोले उपलब्ध गराएको फोन नम्बरमा घट्नाको बारेमा जानकारी दिई नाम टिपाएर उजुरी गर्न सकिने हुन्छ।

पहिला अन्य अपराधको जसरी साइबर क्राइममा जुनसुकै जिल्ला अदालतमा मुद्दा दर्ता हुने व्यवस्था थिएन्। काठमाडौं जिल्ला अदालतमा मात्र साइबर क्राइमको मुद्दा दर्ता हुन्थ्यो।

५ असार, २०८० मा बसेको मन्त्रीपरिषद् बैठकले सबै जिल्ला अदालतलाई यस्तो अधिकार दिने निर्णय गरेको छ। विद्युतीय कारोबार ऐन, २०६३ को दफा ६० को उपदफा ५ बमोजिम सोही ऐनको परिच्छेद ९ मा उल्लेख भए बमोजिमका कसुरहरूको शुरू कारवाही र किनारा गर्ने अधिकार सबै जिल्ला अदालतलाई दिइने निर्णय गरेको छ।

**कसरी गरिन्छ यसको अनुसन्धान प्रकृया ?**

उजुरी परेपछि प्रहरीले उपलब्ध प्रमाणका आधारमा सुक्ष्म अनुसन्धान शुरु गर्दछ। प्रहरीले साइबर अपराध अनुसन्धान गर्नकै लागि साइबर ब्युरोको स्थापना गरी डिजिटल फरेन्सिक ल्याब सुधारको प्रयास सुरु गरेको छ। अपराधीले कतै न कतै डिजिटल प्रविधि प्रयोग गरेको हुन्छ भने प्रहरी पनि मोवाइलको लोकेसन, कल डिटेल या सामाजिक सञ्जालका क्रियाकलापको चेकजाँच गरी प्रारम्भिक अनुसन्धान शुरु गर्दछ। आरोपित व्यक्ति संलग्नता देखिए निजलाई पक्राउन गरी थप अनुसन्धान प्रकृया अगाडि बढाउँछ र प्रारम्भिक अनुसन्धान पश्चात सरकारी वकिलको कार्यालय मार्फत अदालतमा साइबर क्राइमको अभियोग दर्ता हुन्छ। अदालतमा अभियुक्तको बयान तथा पीडितको बकपत्र लगायतका बाँकी अनुसन्धान कार्य पुरा गरी अदालतमा फैसला सुनाउने गर्दछ।

**के छ दण्ड सजायको व्यवस्था ?**

नेपालमा विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ प्रयोग गरेर साइबर अपराधको मुद्दा चलाउने गरिएको छ। अपराध पुष्टि भएमा अपराधको प्रकृति हेरी बढीमा तीन लाख रुपैयासम्म जरिवाना र पाँच बर्षसम्म कैद सजायको व्यवस्था गरिएको छ। अपराधको प्रकृति र कसूरको गाम्भिर्यतालाई हेरेर कैद तथा जरिवाना कम बढी गर्ने स्वविवेकिय अधिकार न्यायाधीशमा रहेको हुन्छ। पीडितलाई पुग्न गएको क्षतिलाई विचार गरेर कसूरदारबाट पीडितलाई मनासिब क्षतिपूर्ति भराईदिने व्यवस्था पनि कानूनमा गरिएको छ।

**उजुरी गर्ने म्याद कति हुन्छ ?**

साइबर क्राइम सम्बन्धी कसूर ठहर्ने कुनै कार्य भएमा त्यस्तो कसूर भए गरेको थाहा पाएको मितिले पैतीस दिनभित्र उजुरी गरिसक्नुपर्ने हुन्छ।

**निष्कर्षः**

जुनसुकै अपराधका दोषी उम्किनुहुँदैन्। पछिल्लो समयमा इन्टरनेटको प्रयोग गरी व्यक्तिको चरित्र हत्या गर्नेदेखि ठगी गर्ने, इमेल र बैंक अकाउण्ट ह्या गरी रकम चोर्नेजस्ता अपराध हुन थालेको छ। साइबर क्राइमबाट पीडित जो सुकैले न्याय पाउनुपर्दछ। अर्को कुरा सामाजिक संजालको प्रयोग कसरी गर्ने भन्नेतर्फ सबै प्रयोगकर्तालाई सचेत रहनु जरुरी छ। आफूलाई पर्न गएको मर्काको सम्बन्धमा उजुरी दिई अपराधीलाई कारवाहीको दायरामा ल्याउन जरुरी देखिन्छ।

**जनहितका लागि**
**छिन्नमस्ता गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी**

## विश्व समाचार

# इजराइली सेनाद्वारा पश्चिम किनारमा आठ जनाको हत्या गरेको प्यालेस्टिनी मन्त्रालयको भनाइ

नाब्लस (प्यालेस्टिनी अधिनस्थ क्षेत्र), १० मङ्सिर (रासस/एएफपी)।
इजराइली सेनाले उसले कब्जा गरेको पश्चिम किनारमा २४ घन्टाको अवधिमा आठ प्यालेस्टिनीलाई मारेको प्यालेस्टिनी स्वास्थ्य मन्त्रालयले आइतबार बताएको छ।

जेनिनमा ठूलो सङ्ख्यामा सशस्त्र सवारी साधनसहित घुसपैठ गरेर इजराइली सेनाले पाँच जनाको गोली हानी हत्या गरेको मन्त्रालयले बताएको छ। मन्त्रालयका अनुसार करिब २० वर्षमा पश्चिम किनारमा यो सबैभन्दा घातक इजराइली हमला थियो।

चिकित्सा स्रोतले १५ मानिस घाइते भएको एएफपीलाई बताएको छ। प्रत्यक्षदर्शीहरूका अनुसार एक इजराइली ड्रोनले जेनिनको शरणार्थी शिविरमा हवाई आक्रमण गरेको थियो। अन्य प्रत्यक्षदर्शीहरूका अनुसार शनिबार इजराइली सेनाले जेनिनको सार्वजनिक अस्पताल र इब्न सिना क्लिनिकलाई घेरेको थियो र सैनिक एम्बुलेन्स खोजिरहेको थियो। उनीहरूले स्वचालित हतियारका साथ ठूलो लडाइँ भएको पनि जानकारी दिए।

इजराइली सेनाले उसले पश्चिम किनारको उत्तरमा रहेको प्यालेस्टिनी सशस्त्र समूहरूको गढ जेनिन शरणार्थी शिविरमा रातभर 'आतङ्कवादीविरोधी गतिविधिहरू' गरेको बताएको छ। अगस्टमा दुई इजराइलीको हत्या गर्ने आक्रमणका संदिग्ध अपराधीलाई पक्राउ गरेको सेनाले बताएका छ।

प्यालेस्टिनी स्वास्थ्य मन्त्रालयका अनुसार शनिबार जेनिन नजिकै कबातियामा एक २५ वर्षीय चिकित्सकको उनको घरबाहिर हत्या भएको छ। रामल्लाह सहर नजिकै एल-बिरेहमा एक प्यालेस्टिनीको पनि मृत्यु भएको र नाब्लसको दक्षिणमा एक गाउँमा इजराइली सेनाको हमलाका क्रममा अर्का एक प्यालेस्टिनीको मृत्यु भएको पनि मन्त्रालयले जनाएको छ।

इजराइली अधिकारीहरूका अनुसार अक्टोबर ७ मा हमासले इजराइली सीमापार गरेको हमलापछि पश्चिम किनारमा हिंसा बढेको देखिएको छ। हमासको आक्रमणमा अधिकांश सर्वसाधारणसहित एक हजार दुई सय मानिस मारिएका थिए।

हमास सरकारका अनुसार इजराइलले गाजामा बमबारी र स्थल कारवाहीका साथ प्रतिक्रिया दिएको छ। इजराइली आक्रमणमा अधिकांश सर्वसाधारणसहित करिब १५ हजार मानिस मारिएका छन्। प्यालेस्टिनी स्वास्थ्य मन्त्रालयका अनुसार यो अवधिमा पश्चिम किनारमा दुई सय ३० भन्दा बढी प्यालेस्टिनीहरूलाई इजराइली बासिन्दा र सैनिकले मारेका छन्।

# सुरुङमा फसेका ४१ कामदारलाई मुक्त गर्ने प्रयास तेस्रो सातामा प्रवेश

सिल्क्यारा सुरुङ (भारत), १० मङ्सिर (रासस/एएफपी)।
भारतीय सेनाले आइतबार विशेष उपकरणसहित सुरुङभित्र फसेका ४१ कामदारलाई बाहिर निकाल्ने प्रयास गरेका छन्। कामदारलाई सुरुङबाट बाहिर निकाल्ने प्रयास तेस्रो सातामा प्रवेश गरेको छ। बारम्बारको असफलतापछि उनीहरूलाई बाहिर निकाल्नका लागि तीन दिशाबाट खन्ने काम जारी राखिएको छ।

भारतीय हवाई सेनाले तत्परताका साथ काम गरिरहेको आइतबार बताएको छ। हिमाली राज्य उत्तराखण्डको निर्माणाधीन सिल्क्यारा सुरुङ मार्ग आंशिकरूमा भत्किएपछि उद्धार कार्यका लागि सेनाले तत्परता देखाएको हो।

इन्जिनियरहरूले ५७ मिटर चट्टान र कङ्क्रिटबाट धातुको पाइप तेर्सोरूपमा लैजाँदा सुरुङमा पुरिएका धातुका बिम र निर्माण सवारीहरूसँग ठोक्किँदा उद्धारकर्मीहरूले उक्त दुर्गम पहाडी स्थानमा सुपरहिटेड प्लाज्मा कटर ल्याउन आग्रह गरेका छन्।

कामदारसम्म पुग्नुभन्दा नौ मिटरअघि नै एउटा ठूलो बोरिङ मेसिन भाँच्चिएको थियो। हातले खन्ने काम जारी राख्नुअघि बोरिङ ड्रिल र तेस्रो मार्ग अवरुद्ध पार्ने धातु हटाउनका लागि प्लाज्मा कटिङ मेसिनको प्रयोग गरिने छ।

भग्नावशेषमा मोटा मोटा धातुका बिमले मार्ग बनाउने कामलाई अवरुद्ध पुर्याइरहेको छ र सीमित पाइपभित्रबाट ती बिमलाई हटाउन परम्परागत अक्सिएसिटिलिन कटरको प्रयोग गर्न कठिन भएको छ। पाइपभित्र मात्र एक व्यक्तिका लागि घस्रिनका लागि पर्याप्त चौडाइ छ।

हवाई सेनाले धेरै विवरण उल्लेख नगरी 'महत्त्वपूर्ण' उक्त उपकरण मुलुकको रक्षा अनुसन्धान तथा विकास सङ्गठनबाट आएको बताएको छ। उक्त सङ्गठन सरकारको रक्षा प्रविधि अनुसन्धान शाखा हो।

उत्तराखण्डका मुख्यमन्त्री पुष्करसिंह धामीले ८९ मिटर तल अर्को ठाडो ड्रिलिङको काम भइरहेको शनिबार बताउनुभएको थियो। सुरुङ मार्गभन्दा धेरै टाढाबाट पनि काम सुरु भएको छ। यो तेस्रो मार्ग करिब चार सय ८० मिटर लामो रहेको अनुमान गरिएको छ।

मङ्गलबार सुरुङभित्र फसेका कामदारहरूलाई पहिलो पटक जीवित देखिएको थियो। उद्धारकर्मीहरूले एउटा पातलो पाइपको माध्यमबाट पठाइएको एन्डोस्कोपिक क्यामेराको लेन्सलाई उनीहरूले हेरिरहेको देखिएको थियो। सोही पाइपमार्फत उनीहरूलाई हावा, खाना, पानी र बिजुली पुर्याइएको थियो। भग्नावशेष खस्ने र ड्रिलिङ मेसिन बारम्बार बिग्रँदा उद्धार प्रयास सुस्त र जटिल भएको छ।

# सात दिने निःशुल्क स्वास्थ्य शिविर संचालन



**दैनिक समाचारदाता**
**राजविराज, १० मंसिर ।**
नेपाल-भारत मैत्रीसंघ सप्तरीको आयोजना तथा छिन्नमस्ता एजुकेशनल एकेडमी एण्ड मेडिकल कलेज प्रा.लि.राजविराजको सहकार्यमा आईतवारदेखि सात दिने निःशुल्क स्वास्थ्य शिविर सुरु भएको छ ।

छिन्नमस्ता अस्पताल परिसरमा आयोजित कार्यक्रममा नेपाल-भारत मैत्री संघका केन्द्रीय सहअध्यक्ष शैलेन्द्र मोहन झाले शिविरको उदघाटन गरे ।

शिविरमा स्त्री रोग, बालरोग, हाईजोर्नी रोग, दन्तरोग, मधुमेह, अर्बुद (क्यान्सर), न्यूरो, युरोलोजिष्ट लगायत रोगको निःशल्क उपचार सेवा प्रदान गरिने व्यवस्था मिलाइएको नेपाल-भारत मैत्री संघ सप्तरीका अध्यक्ष मनोज कुमार मुन्धडाले जानकारी दिए ।

काठमाण्डौं, विराटनगर र राजविराजका गरी २३ वटा वरिष्ठ चिकित्सक (विभिन्न रोगका विशेषज्ञ सहित) को टोलीले उपचार सेवा प्रदान गर्ने आयोजक संस्थाले जनाएको छ ।

गरिबी र विपन्नताका कारण स्वास्थ्य सेवा नपाई समस्स्यामा रहेकाहरुलाई लक्षित गरी संचालित शिवीरले धेरै विरामीलाई राहत प्रदान गर्ने जनाइएको छ ।

*स्वास्थ्यतर्फ ...*

कार्यालय सप्तरीका प्रमुख देवकान्त झाले जनताको गुनासो नआउने हिसाबले स्वास्थ्य सेवा प्रदान गर्न आग्रह गरे ।

तिलाठी कोइलाडी गाउँपालिकाका अध्यक्ष मण्डलको अध्यक्षतामा आयोजित कार्यक्रममा गाउँपालिकाका उपाध्यक्ष फुलकुमारी साह, वडा नं. ४ का अध्यक्ष मुनिलाल मुखिया, गाउँपालिकाका स्वास्थ्य शाखा प्रमुख भूपेन्द्र झासहितकाले मन्तब्य ब्यक्त गरेका थिए । सो अवसरमा स्वास्थ्य शाखाका दिपककुमार मण्डलले गाउँपालिकाका समग्र स्वास्थ्य अवस्थाबारे प्रस्तुतीकरण गरे ।

गाउँपालिकाको ८ वटै स्वास्थ्य संस्थामध्ये उत्कृष्ट हुने स्वास्थ्य संस्थालाई पुरस्कृत गर्न स्वास्थ्य कार्यालयका प्रमुख देवकान्त झा, जनस्वास्थ्य अधिकृत हरेन्द्र साह र गाउँपालिकाका स्वास्थ्यशाखा प्रमुख भूपेन्द्र झा सहितको एक चयन समिति गठन गरिएको छ ।

# आगलागीमा एक गाई पोलेर घाइते



**दैनिक समाचारदाता**
**राजविराज, १० मंसिर ।**
सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका वडा नं. ८ तोपामा शनिबार राति आगलागी भएको छ ।

तोपा चौकदेखि दक्षिण नहरस्थित अशोक मण्डलको गुहाली घरमा आगलागी हुँदा करिब ५० हजार बराबरको क्षति भएको छ ।

गुहालीमा रहेको एउटा गाई समेत आगोले पोलेर घाइते भएको गाउँपालिकाका विपद् व्यवस्थापन अधिकृत राजेश कुमार झाले जानकारी दिएका छन् ।

आगो लागेको खबर पाएपछि गाउँपालिकाअध्यक्ष अरुण कुमार मण्डल, वडा अध्यक्ष सत्यनारायण यादवसहितको टोलीले स्थलगत अनुगमन गरेका थिए ।

# लोसपाद्वारा श्रद्धाञ्जली सभा

**दैनिक समाचारदाता**
**राजविराज, १० मंसिर ।**
लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपालले सप्तरी जिल्ला कार्य समिति सदस्य स्व. शुभचन्द्र झाको सम्झनामा आइतबार श्रद्धाञ्जली सभाको आयोजना गरेको छ ।

आयोजित श्रद्धाञ्जली सभामा उपस्थित नेताहरुले स्व. झाको व्यक्तित्वको चर्चा गर्दै श्रद्धाञ्जली व्यक्त गरेका थिए ।

पार्टीका जिल्ला अध्यक्ष सुनिल कुमार झाको अध्यक्षतमा आयोजित श्रद्धाञ्जली सभामा केन्द्रिय उपाध्यक्ष जयप्रकाश ठाकुर, केन्द्रिय सदस्य दिपेन्द्र चौधरी, शम्भु प्रसाद यादव, राजविराज वडा नं. ६ का अध्यक्ष शशी कुमार चौधरी, वडा नं. १५ का अध्यक्ष ओमनारायण साह, मधेशी कर्मचारीका अध्यक्ष अजय कुमार झा, रविनद्र मण्डल, मनोजकुमार झा, जयनारायण यादव, महेन्द्र खंग, बिनोद कुमार मंडल लगायतको सहभागिता रहेको थियो ।

# तेस्रो लगानी सम्मेलन गर्ने सरकारको घोषणा

काठमाडौं, १० मङ्सिर (रासस) ।
सरकारले तेस्रो लगानी सम्मेलन आयोजना गर्ने भएको छ । आगामी वैशाख ९ र १० गते काठमाडौंमा लगानी सम्मेलन गर्ने गरी तयारी भइरहेको अर्थमन्त्री डा प्रकाशशरण महतले जानकारी दिनुभयो ।

लगानी सम्मेलनका लागि अर्थमन्त्रीको संयोजकत्वमा निर्देशक समिति छ । उक्त निर्देशक समितिको पहिलो बैठक आइतबार बसेको हो । समितिको बैठकपछि अर्थमन्त्री डा महतले लगानी सम्मेलन आयोजना हुनेबारे जानकारी दिनुभयो ।

"लगानी सम्मेलनका लागि तयारी थालिएको छ । यो लगानी सम्मेलनमा विदेशी लगानीको मात्र कुरा होइन, नेपाली लगानीकर्ता र गैरआवासीय लगानीकर्तालाई पनि सँगसँगै लैजाने हो । लगानी सम्मेलनबारे विदेशी राजदूतावासलाई परिचालन गरिनेछ", अर्थमन्त्री डा महतले भन्नुभयो ।

लगानी सम्मेलन आयोजना गर्नका लागि मुख्यसचिवको नेतृत्वमा कार्यान्वयन समिति, उद्योग वाणिज्य तथा आपूर्त मन्त्रालयका सचिवको नेतृत्वमा प्राविधिक समिति छ । तेस्रो लगानी सम्मेलनको सचिवालय लगानी बोर्डको कार्यालयमा रहने जनाइएको छ ।

लगानी सम्मेलनका लागि आवश्यक कानुनी सुधार, प्राविधिक विषय, लगानीकर्तालाई सम्मेलनबारे जानकारी दिने लगायतका काम कार्यान्वयन समिति र प्राविधिक समितिमार्फत गरिने छ । लगानी सम्मेलनका लागि कुन आयोजना 'सोकेस'मा लैजाने भन्नेबारे पनि तयारी गर्न पनि अर्थमन्त्री डा महतले निर्देशन दिनुभयो ।


# महिला हिंसा के हो र कसरी कम गर्न सकिन्छ

**महिला हिंसा**

महिला विरुद्धका हिंसा विशेष रूपमा महिलाको विरुद्धमा हुने सम्पूर्ण हिंसात्मक कार्यहरू हुन् । यस्तो प्रकारको हिंसाले कुनै पिडितको लिङ्गलाई प्राथमिकतामा राखेर कुनै विशेष समूहलाई लक्षित गरेको हुन्छ । यस्तो हिंसा लिङ्गमा आधिरित हुन्छ अर्थात महिला भएकै कारण कसैले यस्तो हिंसाको शिकार बन्नु परेको हुन्छ । महिलामाथि हुने हिंसा भन्नाले महिलाको जन्मपूर्व देखि मृत्यु नहुञ्जेल सम्मको अवस्थामा महिला भएकै कारणबाट हुने विभिन्न खाले विभेदपूर्ण व्यवहार शोषण शारीरिक, मानसिक तथा यौनिक यातनाहरू र दुर्व्यवहारलाई बुझाउँछ । यस्ता हिंसा महिला विरुद्ध महिला र पुरुष दुवैले गर्ने गरिन्छ । यसले समाज विकासको क्रमलाई प्रत्यक्ष र परोक्ष रूपमा प्रभाव पारिरहेको हुन्छ । खास गरी महिलाहरूको जैविक बनावटलाई आधार बनाएर समाजले महिलाहरूलाई गर्ने व्यवहारले हरेक महिलाको प्रगतिको बाधक बनिरहेको अवस्था रहेको छ । परम्परागत मूल्य मान्यताका आधारमा गरिने हिंसाका कारण महिलाहरू बढी पीडित बन्ने गरेका छन् । घरेलु हिंसाका कारण होस् वा बोक्सी प्रथा अथवा दाइजोका कारण हुने घटनामा पीडित हुने महिलाहरूको सङ्ख्या उल्लेख्य छ । आर्थिक, सामाजिक, राजनीतिक, नागरिक तथा साँस्कृतिक लगायत मानवअधिकारका आधारभूत अधिकारहरूबाट महिलाहरू वन्चित छन् । राज्य वा गैरराज्यबाट गरिने लैंगिक भेदभाव त छँदैछ त्यसमा पनि परम्परागत मूल्य मान्यताकाआधारमागरिने हिंसाका कारण महिलाहरू बढी पीडित बन्ने गरेका छन् । त्यसै भएर आज भोलि घरेलु हिंसाका कारणहोस् वा बोक्सी प्रथा अथवा दाइजोका कारण हुने घटनामा पीडित हुने महिलाहरूको संख्या उल्लेख्य छ ।आर्थिक, सामाजिक, राजनीतिक, नागरिक तथा साँस्कृतिकलगायत मानवअधिकारका आधारभूत अधिकारहरूबाटमहिलाहरू वन्चित छन् । समाजमा जस्तो सुकै परिवर्तन भए पनि महिलाले परिवर्तनको अनुभूति गर्न सकेका छैनन् र महिलामाथि हुनेहिंसाका घटनामा कमी आउन सकेको छैन ।

**महिला हिंसा अन्त्य गर्ने उपाय**

महिलाको लागि शिक्षामा पहुँच र सम्पत्तिमाथिको स्वामित्व स्थापितगरी कुरीति र कुसंस्कारको रूपमा रहेको विधुवा प्रथा, घुम्टोप्रथा, बाल तथा अनमेल बिवाह प्रथाको अन्त्य गरिनुपर्छ । त्यसका लागि महिला हिंसा विरूद्ध बनेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनको व्यवहारिक कार्यान्वयनसँगै बोक्सी प्रथा र घरेलु तथा महिलाहिंसा विरुद्धको कडा कानून निर्माण, दाईजो दिने वा लिनेलाई कडाकारवाही गरी कुनैपनि खाले भेदभाव विरूद्ध दण्ड र सजायको व्यवस्था हुन सके मात्र महिलामाथि हुने हिंसा कम गर्न सकिन्छ ।

**जनहीतका लागि : शम्भुनाथ नगर कार्यपालिकाको कार्यालय, कठौना, सप्तरी**



# बालविवाह विरुद्ध अपील
# "बालविवाह जिन्दगी तबाह"

**बालविवाह के हो ?**

महिला र पुरुषका बीचमा पतिपत्नीको सम्बन्ध कायम गराउने धार्मिक, सामाजिक कार्यलाई विवाह भनिन्छ । विवाह गर्न उपयुक्त भनि तोकिएको उमेर भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ । नेपालमा कानुनतः विवाह गर्ने उमेर २० वर्ष तोकिएको छ । त्यसैले २० वर्ष भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ । शारीरिक र मानसिक रुपमा परिपक्व नभई विवाह गर्नु र सन्तान जन्माउँदा विविध समस्या आउन सक्ने भएकोले विवाहका लागिउमेरको हदबन्दी तोकिएको हो ।

**बालविवाहले निम्त्याउने समस्या यस्ता छन :**

१. शारीरिक तथा मानसिक रोगको शिकार हुने ।
२. बालविवाहपछि स्वास्थ्यमा गम्भीर असर पर्ने जस्तै आङ्ग खस्ने, फिस्टुला हुने, आमा तथा शिशुको मृत्यु हुने
३. बालविवाहपछि बालबालिकाले शिक्षाबाट वञ्चित हुने ।
४. घरेलु हिंसाको शिकार हुने र हिंसा सहन बाध्य हुने, कामको बोझ बोक्नु पर्ने
५. कमै उमेरमा सन्तान जन्माउँदा आमा तथा शिशुको मृत्यु हुने जोखिम उच्च हुने । अपाङ्गता भएका सन्तान जन्मन सक्ने ।
६. विवाहपछि बालवालिकाको पढाइ बिग्रिने, बिरामी हुने, छिटो विवाह गर्दा छिटो बच्चा जन्मने, बालबालिकाको मानसिक शक्तिको विकास हुनबाट बञ्चित हुने ।
७. आफ्नो शरीर र जीवनको बारेमा निर्णय गर्न सक्ने क्षमता नहुने ।
८. व्यवहारिक कुरा बुझ्न नपाउँदै जीवन बर्बाद हुन सक्ने, यौनांगलाई हानी हुन सक्ने र परिवार चलाउन गार्हो हुने ।

*बालविवाह, बालअधिकार, महिलाअधिकार, मानवअधिकारको हननमात्रै होइन, विकास र समृद्धिको बाधक पनि हो । तसर्थ बालविवाह नगरौं नगराऔं ।*

**बालविवाह सम्बन्धी कानुनी व्यवस्था :**

मुलुकी अपराध (संहिता) ऐन २०७४ को दफा १७३ मा बालबिवाह गर्न नहुने भनी स्पष्ट व्यवस्था गरेको छ । यसैगरि सोहि दफाको उपदफा (१) ले बिवाह गर्ने व्यक्तिको उमेर निर्धारण गरेको छ । जस अनुसार २० बर्ष नपुगी कसैले बालबिवाह गर्न वा गराउन हुदैन भन्ने व्यवस्था गरेको छ । उपदफा १ विपरित भएको बिवाह स्वतःवदर योग्य हुने छ । यसैगरि उपदफा (३) मा कसुर गर्ने व्यक्तिलाई ३ बर्षसम्म कैद र ३० हजारसम्म जरिवाना हुने भनिएको छ । बालविवाह भएको ३ महिना भित्र उजुरी गरिसक्नु पर्ने व्यवस्था कानूनले गरेको छ । तसर्थ, बालविवाहले बालबालिका मात्रै नभई परिवार, समाज र राष्ट्रलाई समेत गम्भीर असर गर्ने हुँदा बालविवाह नगरौं नगराऔं । बालविवाह रोक्न आजैदेखि पहल गरौं ।

**अनुरोधकर्ता**

**खडक नगर कार्यपालिकाको कार्यालय, कल्याणपुर, सप्तरी**


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*